आज मिति २०७५/२/१३ गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका वैठक वसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द वहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमवहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्ष्मुमन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान वहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री हरिप्रसाद कडेंल, वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री रमाना दमाई - कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव
श्री मान बहादुर ठाडा, लेखाअधिकृत (सहयोगी)
श्री कुलबहादुर खड्का, प्रशासन शाखा (सहयोगी)

**प्रस्ताव नं. १ : बजेट रकमान्तर सम्बन्धमा :**

निर्णय नं. १ : यस नगरपालिकाको मिति २०७४/१२/२८ गतेको कार्यपालिका बैठकको निर्णय नं. ८,१०,१३ र १५ मा भएको निर्णय बमोजिमको योजना कार्यान्वयन गर्नका लागि तपसिल बमोजिमको बजेट शिर्षकबाट रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

१ नगरसभा सभाहल निर्माण शिर्षकबाट रकम रु.१० लाख

२. प्रवर्द्धनात्मक शिर्षकबाट रकम रु. ६ लाख ४० हजार

३.अध्ययन अनुसन्धान शिर्षकबाट रकम रु. ५ लाख

**जम्मा रु.२१,४०,०००।**

**प्रस्ताब नं. २ : बढी खर्चभएको रकम रकमान्तर तथा समायोजन गर्ने सम्बन्धमा :**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको आ.व.०७४।०७५ को विस्तृत बजेट तथा कार्यक्रमको सि.नं.२६ मा विनियोजन भएको बजेट रकम रु. ७ लाख मध्ये बढी खर्च रकम रु. ६ लाख १८ हजारलाई तपसिलका शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

१. अध्ययन अवलोकन भ्रमणबाट रु २ लाख ५० हजार

२. समपुरक कोषबाट रु ३ लाख ६८ हजार

**जम्मा रु.६१८,०००।**

**प्रस्ताब नं. ३ : वडा नं. ६ झिंनी मावि तारबार सम्बन्धमा :**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ६ मा रहेको झिंनी मावि तारबारका लागि समपुरक कोषबाट रु ३ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं. ४ : सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको नगर सभाबाट झोलुंगे पुलको सम्वन्धमा छलफल गर्दा DPR तयार भएका तपसिलका ४ वटा झो.पु.हरु सहित भेरीगंगा ३ को गौजेगैरा ऐभान लोसेमा झो.पु.को यस अघिको कार्यपालिकाको निर्णयअनुसार परिवर्तित स्थानको तत्काल सर्भे गरी फिजीवल देखिएमा डिपिआर तयार गरी आ.व. २०७४।०७५ को झो.पु. निर्माण शिर्षकअर्न्तगतको बजेटबाट अपुग रकम आ.व. २०७५।०७६ को सोही शिर्षकबाट पूर्ति गर्ने गरी उपरोक्त झो.पु.हरुको स्टील पार्टस फेब्रिकेशन गर्ने कार्यको खरिद प्रक्रियाको लागि संघीय खरिद नियमावली बमोजिम सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१ कैनपानी झो.पु.

२ थर्मुसे झो.पु.

३ सिमवास झो.पु.

४ हाईवाङ्ग सस्पेन्सन झो.पु.